सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय

प. सं. ०७७।०७८
च. नं. ३६

बबरमहल, काठमाडौं
फोन नं. : ०१-४२५९६०२
फोन नं. : ०१-४२४८२५१
web: www.supremecourt.gov.np
Email: jed@supremecourt.gov.np

मितिः२०७७।०४।१५

विषयः फैसला कार्यान्वयनलाई थप प्रभावकारी बनाउने सम्बन्धमा ।

श्री सबै जिल्ला अदालतहरु,

उपरोक्त सम्बन्धमा न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना आ.व.२०७६/०७७-०८०/०८१) मा उल्लेखित रणनीतिक उद्देश्य १.५ "फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने" भन्ने उल्लेख भएको र आ.व २०७७-०७८ योजना कार्यान्वयनको दोस्रो वर्षमा प्रवेश गरे सँगै यस वर्षका लागि योजनाले तय गरेका लक्ष्य र उद्देश्य हासिल गर्ने प्रयोजनका लागि देहाय बमोजिमका कार्य गर्नु गराउनु होलाः

१. योजनाको उद्देश्य १.५ (ङ) मा भएको व्यवस्था बमोजिम दण्ड जरिवानाको पुरानो बक्यौता मध्ये वि.सं २०३५ सालसम्मको कैद, दण्ड जरिवानाको लगत आ.व २०७६/०७७ मा फछ्र्यौट गर्नु पर्नेमा असूल उपर हुन नसकेको लगत असूल उपर गर्नु हुन,
२. योजनाको दोस्रो वर्ष आ.व २०७७-०७८ मा २०४५ सालसम्मको सबै बक्यौता दण्ड जरिवाना र सरकारी बिगो फछ्र्यौट गर्नुपर्ने प्रयोजनको लागि एकिकृत अभिलेख तयार गरी लगत फछ्र्यौट गर्ने सम्बन्धमा आवश्यक अभिलेख तयार गर्नु पर्ने हुँदा त्यस्ता लगतहरुको स्पष्ट विवरण यस निर्देशनालयमा अविलम्ब पठाईदिनु हुन।
३. फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६० (२) र फैसला कार्यान्वयन निर्देशिकाको दफा ३३(३) ले व्यवस्था गरेको प्रावधान अनुसार कट्टा हुने लगत मूल लगत कितावबाट कट्टा गरी छुट्टै अभिलेख राखी सो को विवरण पठाउने कार्यलाई निरन्तरता दिनु हुन,
४. दण्ड जरिवाना लागेका व्यक्तिलाई सरकारी सेवा प्रवाहमा बन्देज लगाउन लगतको विवरण सेवा प्रवाह गर्ने निकायहरुमा लेखि पठाउने भनी जिल्ला अदालत नियमावलीको नियम ८७ मा उल्लेख भए बमोजिमको कार्य गर्नु हुन सो को पृष्ठपोषण लिने कार्यलाई निरन्तरता दिनु हुन,
५. अदालतमा रहेको कैद दण्ड जरिवानाको लगतलाई सफ्टवेयरमा प्रविष्टि गर्ने कार्यलाई निरन्तरता दिनु हुन।

२०७७।४।१५

महानिर्देशक
गजेन्द्र बहादुर सिंह

महानिर्देशक